आज मिति २०८३/०२/२७ गतेका दिन यस नगरपालिकाका नगर प्रमुख श्री पुष्कर राज जोशी ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसि तपसीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति**

| सि.न. | नाम, थर | पद | उपस्थिति |
|---|---|---|---|
| १ | श्री पुष्कर राज जोशी | नगर प्रमुख | |
| २ | श्री कौशिला चन्द | नगर उप-प्रमुख | |
| ३ | श्री विष्णु दत्त भट्ट | वडा नं. १ अध्यक्ष | |
| ४ | श्री सुर्य बहादुर बोहरा | वडा नं. २ अध्यक्ष | |
| ५ | श्री अजब बहादुर पाण्डे | वडा नं. ३ अध्यक्ष | |
| ६ | श्री भान देव भट्ट | वडा नं. ४ अध्यक्ष | |
| ७ | श्री केशव राज लेखक | वडा नं. ५ अध्यक्ष | |
| ८ | श्री महेन्द्र सिंह कार्की | वडा नं. 6 अध्यक्ष | |
| ९ | श्री हरि दत्त बडू | वडा नं. ७ अध्यक्ष | |
| १० | श्री चामु सिंह थापा | वडा नं. ८ अध्यक्ष | |
| ११ | श्री मोहन देव जोशी | वडा नं. ९ अध्यक्ष | |
| १२ | श्री त्रिलोक सिंह बिस्ट | वडा नं. १० अध्यक्ष | |
| १३ | श्री जय दत्त पन्त | वडा नं. ११ अध्यक्ष | |
| १४ | श्री भुरी देवी बिस्ट | कार्यपालिका सदस्य | |
| १५ | श्री बसन्ती जोशी | कार्यपालिका सदस्य | |
| १६ | श्री माया पहरी | कार्यपालिका सदस्य | |
| १७ | श्री कलावती लावड | कार्यपालिका सदस्य | |
| १८ | श्री धाना देबी थलाल | कार्यपालिका सदस्य | |
| १९ | श्री दिनेश बहादुर सिनाल | कार्यपालिका सदस्य | |
| २० | श्री बिनोद राम लोहार | कार्यपालिका सदस्य | |
| २१ | श्री प्रेम दयाल | कार्यपालिका सदस्य | |
| २२ | श्री केशव राज सुबेदी | सचिव | |

**प्रस्तावहरुः**

१. डिजिटल नागरिक वडापत्र निर्माण सम्बन्धमा।

२. अनुदान रकम उपलब्ध गराउने सम्बन्धमा।

३. दशरथचन्द नगरपालिका, बैतडी लैङ्गिक हिंसा निवारण तथा प्रभावित संरक्षणका लागी व्यवस्था गर्न बनेको ऐन 2083 स्वीकृतिका लागी नगरसभामा पेश गर्ने सम्बन्धमा।

४. स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्ब्धी कार्यविधि, २०८२ सम्बन्धमा।

५. नवौं नगर सभाको पूर्व तयारी सम्बन्धमा।

६. संघिय विशेष पोषण कार्यक्रम सम्बन्धमा।

७. दलित लक्षित कार्यक्रम संशोधन सम्बन्धमा।

८. दलित युवाहरूका लागि लागुऔषध तथा दुव्र्यसन सम्बन्धी सचेतना कार्यक्रम संचालन सम्बन्धमा।

९. रोजगार संयोजक सेवा सुविधा सम्बन्धमा।

१०. आजिवन सिकाई तथा औपचारिक शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धमा।

११. खानेपानी कार्यक्रम संचालन सम्बन्धमा।

१२. कार्यक्रम शंशोधन सम्बन्धमा।

१३. आर्थिक सहयोग सम्बन्धमा।

१४. काण्डेखाड PCC सडक निर्माण सम्बन्धमा।

१५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण(लै.स.सा.स) परिक्षण सम्बन्धमा।

१६.खेलकुद संचालनार्थ सहयोग सम्बन्धमा।

१७. संगठन तथा व्यवस्थापन प्रतिवेदन (O&M) सम्बन्धमा।

१८. कार्यालय संचालन सम्बन्धमा।

१९. विविध सम्बन्धमा

CamScanner

**निर्णयहरुः**

**निर्णय नं. १**

सुशासन व्यवस्थापन तथा संचालन ऐन २०६४ र नियमावली २०६५ मा सर्वसाधारणलाई सेवा प्रवाह गर्ने वा जनसम्पर्क गर्ने प्रत्येक सरकारी कार्यालयले त्यस्तो कार्यालयको परिसर भित्र सबैले देखन सक्ने ठाँउमा नागरिक वडापत्र राखु पर्ने व्यवस्था गरेको छ। यस नगरकार्यपालिकाको कार्यालयद्वारा प्रदान गरीने सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी तथा प्रविधिमैत्री बनाउन सचेतनामूल्क सूचना प्रचार शिर्षकवाट रु २ लाख र कार्यालय सामग्रीवाट रु १ लाख गरी जम्मा रु ३ लाखमा **डिजिटल नागरिक वडापत्र निर्माण गर्ने निर्णय गरियो।**

**निर्णय नं. २**

बैतडी जिल्लाको पाटन नगरपालिका वडा नं ६ मा अवस्थित अल्पकालिन महिला सुरक्षीत आवस गृह संचालनका तथा व्यवस्थापनका लागि जिल्ला सभावाट पारित अल्पकालिन महिला सुरक्षीत आवस गृह संचालन कार्यविधिको दफा १५ बमोजिम बैतडी जिल्ला भित्रका प्रत्यक पालिकाले सेफ हाउस संचालन तथा व्यवस्थापनका लागी कम्तिमा रु.२५००००/ दुई लाख पचास हजार उपलब्ध गराउने उल्लेखित व्यवस्था अनुरुप यस नगरपालिकावाट आ.व. २०८२/८३ मा स्वीकृत नगर प्रमुखसंग महिला सशक्तिकरण कार्यक्रम शिर्षक वाट रु २५००००/ रकम उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ३**

दशरथचन्द नगरपालिका, बैतडी लौङ्गिक हिंसा निवारण तथा प्रभावित संरक्षणका लागी व्यवस्था गर्न बनेको ऐन २०८३ नगर कार्यपालिकावाट स्वीकृत गरीयो । साथै अनुमोदनका लागी नगरसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२ को परिच्छेद ५ दफा ५ को उपदफा २ मा सूचना प्रविधि अधिकृतको पदपूर्तिका लागी अस्थायि दरबन्दी स्वीकृत गर्नुपर्ने र सोही कार्यविधिको दफा ६ को उपदफा ३ मा सूचना प्रविधि अधिकृतको सेवा सुविधा रा.प.तृतीय श्रेणी अधिकृतस्तरको हुने भनि तोकिएकोले यस कार्यालयमा रहेको सूचना प्रविधि अधिकृत छैटौ पदलाई सूचना प्रविधि अधिकृत सातौ सरह पदमा अस्थायी दरबन्दी स्वीकृत गरी सोही तहको सेवा सुविधा उपलब्ध गराउने निर्णय सर्वसम्मतवाट पारित गरि अनुमोदनका लागी नगर सभामा पेश गर्ने निर्णय गरियो।

CamScanner

**निर्णय नं. ५**

दशरथचन्द नगरपालिकाको नवौं नगरसभा सम्पन्न गर्न आवश्यक पूर्व तयारी सम्बन्धमा छलफल हुँदा नगरसभालाई व्यवस्थित, प्रभावकारी र मर्यादित ढङ्गले सञ्चालन गर्न आवश्यक सम्पूर्ण तयारी कार्य अगाडि बढाउने निर्णय गरियो, नगरसभामा पेश गरिने नीति तथा कार्यक्रम, बजेट, आर्थिक विधेयक, विनियोजन विधेयक, विभिन्न समिति तथा शाखाबाट प्राप्त प्रस्तावहरू समयमै तयारी गरी पेश गर्ने, नगरसभा सञ्चालनका लागि आवश्यक व्यवस्थापकीय, प्रशासनिक तथा आर्थिक प्रबन्ध मिलाउने तथा यस सम्बन्धी आवश्यक समन्वय र सहजीकरण गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय सर्वसम्मतिबाट गरियो।

**निर्णय नं. ६**

चालु आर्थिक वर्षमा संघीय सरकारबाट प्राप्त संघीय विशेष पोषण कार्यक्रम अन्तर्गत विनियोजित रु. १,६२,००,०००/– (अक्षरेपी एक करोड बासठ्ठी लाख रुपैयाँ मात्र) को कार्यक्रम कार्यान्वयन सम्बन्धमा छलफल हुँदा उक्त कार्यक्रमको स्वीकृत योजना कार्यक्रम सञ्चालनको तयारी भइरहेका अवस्थामा निर्वाचन आचारसंहिता लागू भएको तथा आचारसंहिताको अवधिमा कार्यक्रम सञ्चालन गर्न नसकिएको तथा कार्यक्रमको प्रकृति अनुसार सार्वजनिक खरिद प्रक्रिया अवलम्बन गर्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम लागत अनुमान, प्राविधिक स्पेसिफिकेशन, बोलपत्र आह्वान, बोलपत्र मूल्याङ्कन, सम्झौता तथा कार्यान्वयन लगायतका प्रक्रियामा पर्याप्त समय आवश्यक पर्ने र बोलपत्र सम्बन्धी सूचना समेत नियमानुसार तोकिएको अवधि (न्यूनतम ३० दिन वा प्रचलित कानुन बमोजिम आवश्यक अवधि) प्रकाशन गर्नुपर्ने भएकाले चालु आर्थिक वर्षको बाँकी अवधिमा कार्यक्रम सम्पन्न गर्न व्यावहारिक तथा कानुनी रूपमा सम्भव नदेखिएकोले उल्लिखित कारणहरूबाट संघीय विशेष पोषण कार्यक्रम चालु आर्थिक वर्षभित्र सञ्चालन तथा सम्पन्न गर्न नसकिने भएकोले उक्त कार्यक्रमलाई कार्यान्वयन नगर्ने निर्णय सर्वसम्मतिबाट गरियो।

**निर्णय नं. ७**

चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत दलित समुदायको उत्थान तथा सशक्तीकरणका लागि विनियोजित दलित विद्यार्थिका लागि कम्प्युटर तालिम कार्यक्रम (रु. २,००,०००), दलित विद्यार्थिका लागि कापी तथा ड्रेस खरिद कार्यक्रम (रु. २,००,०००) र दलित **विभिन्न दिवस छलफल तथा अन्तरक्रिया कार्यक्रम (रु. २५००००) र** झुसे दमाई छात्रवृत्ति कार्यक्रमका लागि विनियोजित रु ३००००० गरी जम्मा रु. ९५००००/ बजेटको कार्यान्वयन सम्बन्धमा छलफल हुँदा उक्त कार्यक्रमहरूको अपेक्षित प्रभावकारिता, लक्षित वर्गको आवश्यकता तथा आयआर्जन वृद्धिको पक्षलाई मध्यनजर गरी कार्यक्रम परिमार्जन गरी उल्लेखित तीनवटा कार्यक्रमबाट जम्मा रु. ९५००००/ (अक्षरेपी नौ लाख पचास हजार रुपैयाँ मात्र) **"दलित विपन्न कृषकहरूलाई बाख्रा वितरण कार्यक्रम"** सञ्चालन गर्ने निर्णय गरियो।

CamScanner

**निर्णय नं. ८**

चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत दलित सञ्जालका पदाधिकारीहरूको नेतृत्व विकास तालिम कार्यक्रमका लागि विनियोजित रु. २,००,०००/- (अक्षरेपी दुई लाख रुपैयाँ मात्र) को कार्यक्रम कार्यान्वयन सम्बन्धमा छलफल हुँदा वर्तमान सामाजिक आवश्यकता तथा दलित युवाहरूमा बढ्दो लागुऔषध दुव्र्यसनको जोखिमलाई मध्यनजर गर्दै उक्त कार्यक्रम परिमार्जन गरी **दलित युवाहरूका लागि लागुऔषध तथा दुव्र्यसन सम्बन्धी सचेतना कार्यक्रम** संचालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

रोजगार संयोजक पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापढण्ड, २०७५ को दफा १३ बमोजिम श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सचिवस्तरीय निर्णयानुसार दशरथचन्द नगरपालिकाको कार्यालयमा रोजगार संयोजक शाखा अधिकृत सरह छैटौ तहमा कामकाज गरिरहेका रोजगार संयोजक पदलाई रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५ को परिच्छेद २ दफा ३ मा रोजगार संयोजक राजपत्रांकित तृतिय श्रेणी, शाखा अधिकृत सरह हुने उल्लेख भएकोले, सोही तहको सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १०**

यस कार्यालय अन्तर्गतको त्रिपुरा सुन्दरी सामुदायिक सिकाई केन्द्रले आ.ब २०८१/८२ तथा आ.ब. २०८२/८३ मा जीवन उपयोगी सीपहरु (एआई सम्बन्धी ट्रेनिङ्ग, दुबधागो बनाउने तालिम, अचार बनाउने तालिम) लगायतका सीपमूलक कार्यक्रमहरु सञ्चालन गरी सिप तथा क्षमता विकास र रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान गरेकोले आ.ब. २०८२/८३ मा यस कार्यालयलाई प्राप्त साझेदारीमा आधारित साक्षरता कार्यक्रम तथा औपचारिक शिक्षा/आजीवन सिकाई कार्यक्रम सञ्चालन गर्न प्राप्त अनुदान रु २ लाख उक्त सिकाई केन्द्रलाई सो कार्यक्रम संचालन गर्न उपलब्ध गराउने निर्णय पारित गरियो।

**निर्णय नं. ११**

आ.व. २०८२/८३ मा घट्टेकुलो खानेपानी टंकी निर्माण द.न.पा ११ मा रु १ लाख विनियोजित गरिएकोमा उक्त योजना हाल सम्पन्न गर्न सम्भव नभएकोले योजनालाई संशोधन गरि सो शिर्षकवाट रु १ लाखको खानेपानी पाईप खरिद् गर्ने निर्णय गरियो।

CamScanner

**निर्णय नं. १२**

चालु आ.ब. २०८२/८३ मा स्वीकृत तपसिल अनुसारका शिर्षकबाट देहायका योजना तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

| क्र.स. | स्वीकृत शिर्षक रकम | रकम | संशोधन गरिएको शिर्षक | विनियोजित रकम |
|---|---|---|---|---|
| १ | निशुल्क शिक्षा सहजिकरण परिक्षा लगायत | १०००००० | मणिलेक मा.वि. शौचालय निर्माण द.न.पा ०१ | ५००००० |
| २ | किशोर किशोरी मैत्री सूचना केन्द्र व्यवस्थापन | १५०००० | दशरथचन्द न.पा. प्रवेशद्वार निर्माण | ७००००० |
| ३ | विद्यालय क्षेत्र सुधार योजना | १५०००० | गिठाला सामुदायीक भवन द.न.पा ०६ | २००००० |
| ४ | ल्यापटप खरिद | ५३००० | अवोलिङ्ग सहकारी संस्था भवन मर्मत | १०३००० |
| ५ | प्र.अ. बैठक भत्ता | ३००००० | जिल्ला प्रशासन कार्यालय कबड हलका लागी सामग्री भुक्तानी | १००००० |
| | | | नौहाट आईत खा.पा. मर्मत | ५०००० |
| ६ | नगर प्रमुख संग महिला शशक्तिकरण कार्यक्रम | ५००००० | बिधुतिय न्याय ब्यबस्थापन प्रणाली (ईजलास) | ३००००० |
| | | | वडा कार्यालय ब्यबस्थापन द.न.पा.०९ | २००००० |
| | जम्मा | २१५३००० | | २१५३००० |

**निर्णय नं. १३**

यस नगरपालिका अनतर्गत तपसिलमा बसोबास गर्ने दिर्घ रोगी तथा आर्थिक बिपन्नता भएका व्यक्तिहरुलाइ तपसिल बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

| क्र.स. | नाम\थर | ठेगाना | रकम |
|---|---|---|---|
| १ | श्री अकबर भण्डारी | द.न.पा ११ | २० हजार |
| २ | श्री शेर सिंह कार्की | द.न.पा ०६ | २० हजार |
| ३ | श्री भागरथी देवी कार्की | द.न.पा ०६ | २० हजार |
| ४ | श्री डम्बर चन्द | द.न.पा ११ | २० हजार |

CS CamScanner

**निर्णय नं. १४**

आर्थिक वर्ष २०८२/८३ मा स्वीकृत बजेट तथा कार्यक्रममा **द.न.पा.–०१ स्थित पितृपिजास मन्दिर पूर्वाधार निर्माण** शीर्षकमा विनियोजित रु. २,००,००० (अक्षरेपी दुई लाख रुपैयाँ मात्र) बाट **काण्डे खाड PCC सडक निर्माण कार्य** सञ्चालन गर्न उपयुक्त देखिएकोले काण्डेखाड PCC सडक निर्माण कार्य सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. १५**

आर्थिक वर्ष २०८२/८३ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत "**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लै.स.सा.स.) परीक्षण**" शीर्षकमा विनियोजित रु. ७५,०००/- (अक्षरेपी पचहत्तर हजार रुपैयाँ मात्र) बजेटबाट नगरपालिकाको लै.स.सा.स. परीक्षण कार्य सम्पन्न गर्न आवश्यक परामर्श सेवा खरिद गर्नुपर्ने भएकाले **सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४** बमोजिम प्रचलित कानुन अनुसार परामर्श सेवा खरिद प्रक्रिया अगाडि बढाई परीक्षण कार्य सम्पन्न गर्ने निर्णय गरियो।

**निर्णय नं. १६**

यस पालिका अन्तर्गर द.न.पा १० मा रहेको पंचकोटी युवा कल्बलाई खेलकुद संचालनार्थ, खेलकुद शिर्षकवाट रु ५००००\ उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १७**

आ.व २०८२-८३ मा स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निर्माण गरिएको संगठन तथा व्यवस्थापन परिक्षण (O&M) प्रतिवेदन परामर्शदातावाट कार्यालयलाई प्राप्त हुन आएकोमा, उक्त प्रतिवेदन माथि छलफल हुँदा, प्रतिवेदन कार्यान्वयन योग्य देखिएकोले कार्यपालिकावाट स्वीकृत गरी अनुमोदनका लागी नगर सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. १८**

आ.व २०८२-८३ को अन्तिम महिना असारमा योजना तथा कार्यक्रम, भुक्तानी, राजस्व संकलन लागायतका कार्यहरुको चाप अत्यधीक हुने हुँदा मिति २०८३-०२-३१ देखी २०८३-०३-२५ गते सम्म वडा कार्यालयहरु र नगरकार्यपालिकाको कार्यालय आईतवार समेत संचालन गर्ने निर्णय गरियो।

**निर्णय नं. १९**

आ.व २०८२-८३ मा स्वीकृत बजेट तथा कार्यक्रम अनुसार गोठलापानी बजार हुदै आईत बाडीलेक जाने सडक बाटो निर्माण द.न.पा ०४ मा विनियोजित रु ३५०००० रकमवाट नगरपालिकाका स्वास्थ्य संस्थाहरुमा EHMIS कार्यक्रम लागु गर्ने निर्णय गरियो।

CamScanner

**निर्णय नं. २०**

आ.व २०८२-८३ मा स्वीकृत बजेट तथा कार्यक्रम अनुसार दलित विभिन्न संघ संस्था सहकारी सहयोग कार्यक्रममा विनियोजित रकम रु २०००००वाट दलितहरुको हक अधिकारका क्षेत्रमा काम गर्ने दलित संस्था एकिकृत सामुदायीक विकास तथा अनुसन्धान केन्द्रलाई ल्यापटप र प्रिन्टर खरिद गरी उपलब्ध गराउने निर्णय गरियो।